अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

# कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने विशेष प्रस्ताव

तीन महले

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २ | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः<br>(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका दरवार मार्गमा रहने छ।<br>(२) यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, दरवारमार्ग र पावर प्लाण्ट दोलखा जिल्ला लामाबगर गाउँ विकास समितिमा रहने छ। | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगानाः<br>(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, ज्ञानेश्वरमा रहने छ।<br>(२) यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ र विद्युतकेन्द्र दोलखा जिल्ला बिगु गाउँपालिका वडा नं.१ मा रहने छ। | हाल कम्पनीको रजिष्टर्ड कार्यालय रहेको स्थान र विद्युत गृह रहेको स्थान खुल्ने गरी ठेगाना संशोधन गर्न आवश्यक भएको। |

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

## कम्पनीको नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव

तीन महले

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २ | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगाना:<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका दरवार मार्गमा रहने छ। | कम्पनी रजिष्ट्र्ड कार्यालय रहने ठेगाना:<br>यस् कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१, ज्ञानेश्वरमा रहने छ। | हाल कम्पनीको रजिष्टर्ड कार्यालय रहेको स्थान खुल्ने गरी प्रबन्ध पत्र र नियमावलीमा ठेगाना संशोधन गर्नु परेको। |
| ८ | सञ्चालकको संख्या र कार्यकाल:<br>(२) यस कम्पनीमा दुई जना स्वतन्त्र सञ्चालक सहित ११ जना सञ्चालक रहेको सञ्चालक समिति रहनेछ। | सञ्चालकको संख्या र कार्यकाल:<br>(२) यस कम्पनीमा संस्थापक समूहबाट मनोनित वा नियुक्त ५ (पाँच) जना, सर्वसाधारण समूहबाट १(एक) जना महिला सहित ४(चार) जना र स्वतन्त्र सञ्चालक २ (दुई) जना गरी जम्मा ११ जना सञ्चालक रहेको सञ्चालक समिति रहनेछ। | कम्पनी ऐन २०६३ को दफा ८६ (२) अनुरुप हुने गरी संशोधन गर्न आवश्यक भएको। |
| १५ | मतदान गर्ने अधिकार:<br>(१) कम्पनी सम्बन्धी प्रचलित कानून वा शेयरधनीहरू बीच भएको सझौंता र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ। | मतदान गर्ने अधिकार:<br>(१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम शेयरधनीले आफुले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ।<br>तर, एक भन्दा बढी सञ्चालकहरूको निर्वाचन गर्नु पर्दा प्रत्येक शेयरधनीहरूलाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नुपर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या वरावरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ। | कम्पनी ऐन २०६३ को दफा ७२ (१) अनुरुप हुने गरी संशोधन गर्न आवश्यक भएको। |

| दफा | भइरहेको व्यवस्था | संशोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २० | <u>प्रबन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउनेः</u><br>(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न महाप्रबन्धक नियुक्त गर्न सक्नेछ।<br>(२) उपविनियम (१) बमोजिम नियुक्त हुने महाप्रबन्धकको योग्यता, काम, कर्तव्य र अधिकार निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ।<br>(३) यस नियन बमोजिम संचालक समितिले नियुक्त गर्ने महाप्रबन्धक नियुक्ति गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू समेत तोकी करार गर्नु पर्नेछ। | <u>प्रबन्ध सञ्चालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउनेः</u><br>(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध संचालक नियुक्त नगरिएको अवस्थामा संचालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न **<u>प्रमुख कार्यकारी अधिकृत</u>** नियुक्त गर्न सक्नेछ।<br>(२) उपविनियम (१) बमोजिम नियुक्त हुने **<u>प्रमुख कार्यकारी अधिकृत</u>** को योग्यता, काम, कर्तव्य र अधिकार निजले पाउने पारिश्रमिक र सुविधा तथा सेवाका अन्य शर्तहरू संचालक समितिले तोकिदिए बमोजिम हुनेछ।<br>(३) यस नियम बमोजिम संचालक समितिले नियुक्त गर्ने **<u>प्रमुख कार्यकारी अधिकृत</u>** नियुक्ति गर्दा निजले पाउने पारिश्रमिक र सुविधा, निजको कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू समेत तोकी करार गर्नु पर्नेछ। | कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको दरबन्दी स्वीकृत रही सञ्चालक समितिको मिति २०७४/०४/०२ को निर्णयानुसार प्रमुख कार्यकारी अधिकृत नियुक्त भई कार्यरत रहनु भएको ले नियमावलीमा संशोधन गर्न आवश्यक भएको। |
| ३४ | (२) लेखापरीक्षण समितिमा तीन जना सञ्चालक रहनेछन्। | (२) कम्पनीको दैनिक कार्य सञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन हुनेछ। | कम्पनी ऐन २०६३ को दफा १६४ को उपदफा (१) र (३) मा भएको व्यवस्था अनुसार कायम हुने गरी कम्पनीको नियमावलीमा संशोधन गर्न आवश्यक भएको। |
| | (५) लेखापरीक्षण समितिको अध्यक्ष हुन लेखा, बाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा स्नातक भई वित्तिय क्षेत्रमा काम गरी अनुभव हासिल गरेको हुनु पर्नेछ। | (५) लेखापरीक्षण समितिको कम्तीमा एकजना सदस्य लेखा सम्बन्धी व्यावसायीक प्रमाणपत्र प्राप्त अनुभवी व्यक्ति वा लेखा, बाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा कम्तीमा स्नातकको उपाधि प्राप्त गरी लेखा तथा वित्तिय क्षेत्रमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ। | |